# राजगढ गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
### रोजगार सेवा केन्द्र

प.सं. ०७७।०७८
च.नं. १

मिति :-२०७७।०५।१५

श्री सबै वडा कार्यालयहरु,

विषय : बेरोजगार व्यक्तिहरुको आवेदन फारम भर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगारी कार्यक्रम) को मिति २०७७।०३।३० को च.न. १७५ अनुसार चालु आ.व २०७७।०७८ का लागी यस गा.पा. भित्र सुचिकृत भई न्युनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार व्यक्तिहरुलाई मिति २०७७ भाद्र १६ गते देखी असोज १५ गते सम्म कायम हुने गरी आवेदन फारम भराई कार्यक्रम अनुसार सूचिकृत गरी विवरण पठाईदिनहुन व्यहोरा अनुरोध छ । साथै आवेदन फारम प्रधानमन्त्री रोजगार कार्यक्रमको बेवसाइट www.pmep.gov.np मा रहेको व्यहोरा जानकारीका लागी अनुरोध छ । आवेदन फारम भर्दा तपशिलका विवरणहरु अनिवार्य रुपमा भराई आवश्यक कागजातहरु समेत संलग्न गरी आवेदन फारमका साथै पठाइदिनहुन व्यहोरा अनुरोध छ

तपशिल

१) परिवारका सम्पुर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं., जारी जिल्ला र जारी मिति आवेदन फारममा उल्लेख गरी सम्पुर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रका प्रतिलिपि पेश गर्नहुन । साथै नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपि पेश गर्न हुन ।

२) निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको शैक्षिक योग्यता, दक्षता र रोजगारीको अवस्था फारममा उल्लेख गरी प्रमाणपत्र प्रतिलिपि समेत पेश गर्नहुन ।

३) स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको ( नागरिकता, बसाइसराई र विवाह दर्ता आदी ) फोटोकपी प्रतिलिपि पेश गर्नहुन ।

४) निवेदक परिवारमा समाजिक सुरक्षा भत्ता वा अन्य पेन्सन जस्ता सुविधा उपभोग गरेको वा नगरेको एकिन विवरण तथा उक्त परिवारको कुल आर्थिक आम्दानी समेत आवेदन फारममा उल्लेख गर्नहुन ।

५) निवेदक परिवारको रोजगारीको अवस्था ( स्वदेश, विदेश वा स्वरोजगार ) समेत आवेदन फारममा उल्लेख गर्नहुन ।

६) निवेदकको उमेरको हकमा १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको ।

नोट :- विवरण नपुगेका तथा समयावधिमा फारम भर्न छुटेका व्यक्तिहरुलाई उक्त कार्यमा समावेश गराउन नसकिने व्यहोरा जानकारीका लागी अनुरोध छ ।

दिनेश
०७७।५।१५

दिनेश कु. यादव
रोजगार संयोजक



Scanned with CamScanner